मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८०/०८१

## होटल व्यवसाय संचालनार्थ समय सीमा निर्धारण सम्बन्धी अत्यन्त जरुरी सूचना

*सूचना प्रकाशित मिति: २०८०/०६/२२*

मिति २०८०/०६/१६ गतेको गाउँ कार्यपालिकाको बैठक एवं मिति २०८०/०६/१२ गते बसेको मरिण गाउँपालिका स्तरीय सर्वपक्षीय भेलाले नजिक आउँदै गरेको नेपालीहरूको चाडपर्वहरूलाई मध्यनजर गर्दै मानवीय चहलपहल, शान्ति सुरक्षाको अवस्था, सम्भाव्य जोखिम तथा चुनौती, कानूनतः वर्जित कृयाकलापहरूको निषेध लगायतका विद्यमान समयमा घटेका केही प्रतिनिधिमूलक घटना एवं परिस्थितिको गाम्भीर्यतालाई मध्यनजर गर्दै शान्ति सुरक्षा एवं सामाजिक सद्भाव तथा अमनचयन कायम गर्न गराउन गाउँपालिका अन्तर्गतका बजार क्षेत्रमा सञ्चालित होटल व्यवसाय राति १०:०० बजे सम्म सञ्चालन गर्न अनुमति दिने एवं तोकिएको समय सीमा नाघेर सञ्चालन गर्ने होटल व्यवसायीलाई नियमानुसार कडाईका साथ कारबाही गर्ने भनि निर्णय भएको हुँदा मिति २०८०।०६।२५ गते देखि लागू हुने गरी अर्को सूचना जारी नभए सम्म तोकिएकको समय सीमा भित्र मात्र आफ्ना होटल व्यवसायहरु संचालन गर्न गराउन हुन सम्बन्धित सरोकारवालाहरू सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

२०८०/०६/२२

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

ईमेलः info@marinmun.gov.np "नतिजामुखी प्रशासन समृद्धि र सुशासन" वेभः www.marinmun.gov.np